नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
भरतपुर अस्पताल, चितवन

बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।०८।१९)

यस अस्पतालको लागि राशन सप्लाई कार्य तथा सरसफाई र सुरक्षा सम्बन्धि कार्य बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले मू.अ.करमा दर्ता भएका इच्छुक ईजाजत प्राप्त कम्पनी/फर्म तथा सप्लायर्सले रितपूर्वकको बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको Website- www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। बोलपत्र सम्बन्धी विस्तृत जानकारी एवं शर्तहरु बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिएको व्यहोरा जानकारी गराइन्छ।

तपसिल :-

सि. नं.	ठे.नं.	विवरण	जमानत रकम	बोलपत्र दस्तुर	बोलपत्र खरिद गर्ने अन्तिम मिति	बोलपत्र दाखिला गर्ने अन्तिम मिति	बोलपत्र खोल्ने मिति	कैफियत
१	३६, ०७९।८०	राशन सप्लाई कार्य	२२५०००।-	३०००।-	३० औं दिनको बैकिङ समय भित्र	३१ औं दिनको १२:०० बजे	३१ औं दिनको १:०० बजे	
२	३७, ०७९।८०	सुरक्षागार्ड,कार्यालय सहयोगी तथा सरसफाईकर्मी सप्लाई सम्बन्धि कार्य	१०५२५००।-	५०००।-	३० औं दिनको बैकिङ समय भित्र	३१ औं दिनको १२:०० बजे	३१ औं दिनको १:०० बजे	

Gangadev Rural Municipality
Office of the Rural Municipal Executive
Sandanda, Rolpa
Lumbini Province, Nepal

Invitation for Bids

Contract Identification No: GRM/NCB/WORKS/079/80-01

Date of Publication: 2022-12-05

1. Gangadev Rural Municipality, sandanda Rolpa invites electronic bids from Nepalese eligible bidders for the construction of following works under National Competitive Bidding procedures.

Description of Work	Estimated Amount, (Excluding VAT)	Bid Security Amount	Bid Document Fee
Constructions of Mulkhola Dekhi Meldari Samma Khanepani Yojana Nirman Ward No. 1	NRs. 8496233.97	NRs. 240000.00	NRs. 3000.00

2. Bidder who chooses to submit their bid electronically may download and purchased the bidding documents for e-submission from PPMO's Website www. bolpatra.gov.np/egp,.
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank : Global IME Bank ltd, Sukidaha Branch
Office Account No. : 27004010000009 (Ga.1.1 Antarik Rajaswo Khata Gangadev - For Bidding Document)
Office Account No. : 27004010000002 (Ga.3.1 Dharauti Khata Gangadev - For Bid Security)
3. Electronic bids must be submitted to the office Gangadev Rural Municipality, Rolpa, Lumbini Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before **2023-01-04 12:00 PM**. Bids received after this deadline will be rejected.
4. The bids will be opened in **2023-01-04 14:00 PM** at the office of Gangadev Rural Municipality, Rolpa. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of NRs. specified above, which shall be valid for 30 days beyond the bid validity period.
5. If the last date of purchasing submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

Chief Administrative Officer

Sunapati Rural Municipality
Office of the Municipal Executive
Hiledevi, Ramechhap

Invitation for Bids

First Date of publication: 05/12/2022 (2079/08/19) Monday

1. **Sunapati Rural Municipality, Hiledevi, Ramechhap** invites electronic bids from Nepalese eligible bidders for the construction of buidings within Sunapati Rural Municipality under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office Of *Sunapati Rural Municipality, Hiledevi, Ramechhap, Nepal* or may visit PPMO website **www.bolpatra.gov.np.**
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidder should deposit the non-refundable fee of 3000 NRs. till 12:00 P.M. [04/01/2023 (2079/09/20) Wednsday] on Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded at the time of electronic submission of the bids.
5. If the last date of purchasing or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
Information to deposit the cost of bidding document:
Name of the Bank: **Citizen Bank Limited Sunapati**
Name of Office: **Sunapati Rural Municipality**
Office Code no.: **801032408**
Internal Revenue Account No: **0700100000002202**
Dharauti Khata Account No: **0700100000005201 (For security deposit)**
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs [04/01/2023 (2079/09/20)] at the office of Sunapati Rural Municipality, Hiledevi-3, Ramechhap.
7. Pre-bid meeting shall be held at 12:00 hrs[27/12/2022 (2079/09/12) Tuesday at the office of Sunapati Rural Municipality, Hiledevi-3, Ramechhap
8. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to the value as mentioned below which shall be valid for 30 days beyond the validity period of the bid.

Contract Id.	Description Of Work	Est. Amount With Vat (NRs)	Security Deposit (NRs)	Bid Doc Fee (NRs)
SUN/W/NCB/08/ 2079/80	**Lubhu Dhasa-Ward Office-Lidedanda Sunapati Foottrail**	**3000**	**18636977.69**	**470000**

9. The employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.
10. Bidders are highly encouraged to visit site before bidding.

In case of any queries or confusion, please contact at 9849845651.

Chief Administrative Officer

प्रोष्टेट ग्रन्थि र मूत्रलक्षण निर्देशित उपचार

डा. अर्जुनदेव भट्ट

> प्रोष्टेट संलग्न मूत्रलक्षण प्रायः ४० वर्षपछि देखा पर्दछन् । यी लक्षण ग्रन्थिको साइज ठूलो भएर वा मूत्रनलीको सुरुको प्रोष्टेटले घेरिएको भागको लचकतामा कमी भएर पनि हुन सक्छन् । पिसाब फेर्न जाँदा केही समयपछि मात्र पिसाब हुने, पिसाबको धारा लुलो तथा मसिनो हुने, एकै पल्ट सरर सबै पिसाब नहुने, पिसाब फेरेपछि निखेको अनुभव नहुने, राति पिसाब फेर्न उठीराख्नुपर्ने जस्ता लक्षणले पुरुषलाई चिन्तित पारेका खण्डमा चिकित्सकको सल्लाहमा उपचार गर्नुपर्दछ ।

विषय प्रवेश

बनावटको कारणले गर्दा प्रोष्टेट ग्रन्थि ठूलो वा सुकेर सानो भए पनि मूत्रप्रवाहमा अवरोध खडा गर्छ र थुप्रै समस्या उत्पन्न हुन्छन् । पिसाबमा देखिने समस्या के हुन् र त्यसको उपचार कसरी गर्ने ? भन्ने कुरा मूत्रलक्षणहरूको अध्ययन तथा स्वमूल्यांकन गरेर कसरी उपचारबारे निर्णय गर्न सकिन्छ ? यो प्रस्तुतिमा विश्लेषण गरिएको छ ।

मूत्रलक्षणहरू

प्रारम्भको अवस्थामा प्रोष्टेट ग्रन्थिबाट अवरोध सिर्जना हुँदा पिसाब फेरिसकेपछि अन्त्यमा पिसाब थोपा थोपा चुहिने हुन्छ । रोग विकसित भएपछि पिसाबको धारा कमजोर हुने, राति पिसाब फेर्न उठ्नुपर्छ । अवरोध बढ्दै गरे पिसाब फेर्न गएपछि तुरुन्तै पिसाब नआएर कुर्नुपर्ने तथा पिसाब धेरैपटक फेर्नुपर्ने हुन्छ । कसैलाई पिसाब लागेपछि रोक्नै नसक्ने वा चुहिनै हाल्ने तथा पिसाब फेरिसकेपछि थैली खाली नभएको अनुभव हुन्छ ।

पिसाबथैलीको मांसपेशी कमजोर हुँदै गएपछि पेटको र मलद्वार वरिपरिको मांसपेशी खुम्च्याउँदै कनेर पिसाब फेर्नुपर्छ । पुरुषलाई उपलब्ध गराइने 'मूत्रलक्षण स्वमूल्यांकन तालिका'मा पछिल्लो एक महिनामा पिसाब कसरी भयो ? भन्ने विभिन्न सात प्रश्नमा कतिपल्ट कस्तो अनुभव भयो ? त्यसको आधारमा शून्य अंकदेखि पाँचसम्म अंक प्रदान गर्नुपर्दछ । प्रश्नहरूले अवरोधक (लुतो पिसाबको धारा, कनेर पिसाब फेर्नुपर्ने र रोकेर पिसाब हुने) तथा उत्तेजनात्मक (पिसाब फेरिसकेपछि निखेको अनुभव नहुने, छिटोछिटो पिसाब फेर्नुपर्ने, पिसाब रोक्न गाह्रो हुने, राति पिसाब फेर्न उठिराख्नुपर्ने) दुवै खालका लक्षणलाई समेटेको छ ।

उल्लेखित सात लक्षणहरूलाई मूल्यांकन गरेर बिरामी आफैंले आफ्नो रोगको अवस्थाको जानकारी पाउन सक्दछ । यी लक्षणकै आधारमा रोग कसरी विकसित हुँदैछ, उपचार कति प्रभावकारी छ ? त्यसको अड्कल काट्न सकिन्छ । रोगको मूल्यांकन गर्न प्रश्न र उत्तरको 'मूत्रलक्षण स्वमूल्यांकन तालिका' बनाएर प्रस्तुत गरिन्छ । अनुभव गरेका लक्षणको जवाफले प्राप्त गरेको शून्यदेखि ३५ अंकको आधारमा मूत्र अवरोध तथा समस्यालाई तीन भागमा बाँडिन्छ ।

१. प्राप्त अंक १ देखि ७ सम्म भए हल्का अवरोध,
२. प्राप्त अंक ८ देखि १९ भए मध्यम खालको अवरोध र,
३. प्राप्त अंक २० देखि ३५ पुगे त्यस्तो अवरोधलाई कडा भनिन्छ ।

पिसाबका लक्षणहरू प्रोष्टेटको कारणबाट मात्र नभएर अरू कारणबाट हुनेभएकाले यी लक्षणलाई 'प्रोष्टेट विशेष' मान्नुहुन ।

उपचार केमा भर पर्छ ?

पिसाबमा हल्का अवरोध भए खासै उपचार गर्नुपर्दैन । तर, समस्याबारे चनाखो हुनुपर्दछ । छिनछिनमा पिसाब फेर्न उठ्न कम गर्न बेलुका धेरै भोलपदार्थको सेवन गर्नु हुँदैन । लिंगको अग्रचर्म नखुल्ने एवं त्यसको संक्रमण भए उपचार गर्नुपर्दछ ।

पिसाब लागेपछि ज्यादै अत्याउने र चुहिने समस्या मधुमेहबाट ग्रस्त बिरामीहरूमा बढी पाइन्छ । त्यसकारण रगतका चिनीको मात्रा ठीक राख्नुपर्दछ । पिसाबमा मध्यम अवरोध भए औषधि सेवन गरेर समस्यालाई समाधान गर्न सकिन्छ । बिरामीहरूले बेलुका र राति तरलपदार्थ कम प्रयोग गर्न, लिंग अग्रचर्मको सरसफाइमा ध्यान दिनु आत्यावश्क हुन्छ । साथै मूत्ररोग विशेषज्ञको सरसल्लाहअनुसार रगत र पिसाबको जाँच, अल्ट्रासोनोग्राफी र युरोफ्लोमेट्रीको परीक्षण गर्नुपर्छ ।

औषधोपचार गरे तापनि पिसाबमा संक्रमण भइराख्यो, पिसाबमा रक्तश्राव देखापरिरह्यो, मूत्रथैलीमा पत्थरी जम्यो वा पिसाब फेरिसकेपछि एक सय मिलिलिटरभन्दा बढी पिसाब बाँकी रहने गरिरह्यो भने प्रोष्टेटको शल्यक्रिया गराउनुपर्दछ ।

पिसाबमा कडा अवरोध भए प्रायः औषधोपचारको अर्थ हुन्न र प्रोष्टेटको शल्यक्रिया अनिवार्य गराउनुपर्छ । तर, बिरामी तथा उसका आफन्तसँग गहिरो परामर्श गरेपछि मात्र शल्यक्रिया गर्नुपर्दछ । उनीहरूले आफ्नो रोग के हो ? किन उपचार शल्यविधिबाट बढी उपलब्धिमूलक छ र शल्यक्रियापछि पिसाबका कुन-कुन लक्षणमा सुधार अपेक्षा गर्न सकिन्छ ? त्यो कुरा प्रष्ट बुझ्नुपर्दछ ।

शल्यक्रियाको लक्ष्य भनेको साँघुरिएको मूत्रनलीलाई आवश्यक मात्रामा वा केही प्रतिकूल अवस्थामा सम्भव भए जतिमात्र फराकिलो पार्नु हो । जसबाट बिरामीलाई पिसाब फेर्न सजिलो हुन्छ । शल्यक्रियाबाट निकालेको तत्नुको जाँच गरेर प्रोष्टेट गन्थ्रिको क्यान्सर भए, नभएको पत्ता लगाउनुपर्छ । यदि क्यान्सर देखापरे बिरामीलाई थप शल्यक्रिया तथा उपचार गर्नुपर्ने हुन सक्छ ।

लक्षण स्वमूल्यांकन र उपचार विधि

प्रश्न तथा उत्तरले बनेको 'मूत्रलक्षण स्वमूल्यांकन तालिका' सोझै पिसाबसँग सम्पर्क भएकाले पिसाबमा देखिएको अवरोध, यसको विकास र उपचारबाट लक्षणमा देखापरेको फरकलाई पहिचान गर्न तालिकाले सजिलो पार्छ । कुन उपचार कहिले गर्ने ? तालिकाबाट प्राप्तांकको आधारमा निर्णय गर्न सकिन्छ ।

पिसाबमा हल्का अवरोध हुँदा पुरुषले सचेत भएर जीवनशैलीमा फरक ल्याउनुपर्दछ तर मध्यमखालको अवरोध हुँदा औषधोपचार गर्नुपर्छ । औषधोपचारले फाइदा नभए वा उपलब्ध फाइदामा पुरुष सन्तुष्ट नभए शल्यक्रिया गर्नुपर्छ । मूत्रसञ्चालनमा कडा अवरोध भएको खण्डमा शल्यक्रिया प्रायः अनिवार्य हुन्छ । बिरामीको स्वास्थ्य शल्यक्रियाको निम्ति मेल नखाने र जोखिमपूर्ण भए औषधोपचारको फाइदामै चित्त बुझाउनुपर्दछ अथवा सधैंका निम्ति नली लगाएर पिसाब सञ्चालन गर्नुपर्छ ।

मूत्रलक्षण स्वमूल्यांकन तालिकामा आफ्नो निम्ति सही उत्तर खोज्दै उपयुक्त अंक प्रदान गरी मूत्रसञ्चालनको अवस्था के छ ? निष्पक्ष भएर थाहा पाएका खण्डमा प्रोष्टेट ग्रन्थिको तौल के छ ? ग्रन्थि कति बढेको वा खुम्चेको छ ? भनी अन्दाजको भरमा सोच्नुपर्दैन । ग्रन्थिको तौल महत्त्वपूर्ण कुरो होइन, पिसाबमा कति अवरोध छ र उत्तेजनात्मक लक्षणले कति सास्ती दिएको छ भन्ने कुरा मुख्य कुरो हो । प्राप्तअंक अनुसार कुन उपचार गर्नुपर्ने अवस्थामा मूत्रअवरोधक तथा उत्तेजनात्मक लक्षण पुगेका छन् ? त्यसको स्वनिर्णय गर्न सकिन्छ ।

निचोड

प्रोष्टेट संलग्न मूत्रलक्षण प्रायः ४० वर्षपछि देखापर्दछन् । यी लक्षण ग्रन्थिको साइज ठूलो भएर वा मूत्रनलीको सुरुको प्रोष्टेटले घेरिएको भागको लचकतामा कमी भएर पनि हुन सक्छन् । पिसाब फेर्न जाँदा केही समयपछिमात्र पिसाब हुने, पिसाबको धारा लुलो तथा मसिनो हुने, एकै पल्ट सरर सबै पिसाब नहुने, पिसाब फेरेपछि निखेको अनुभव नहुने, राति पिसाब फेर्न उठिराख्नुपर्नेजस्ता लक्षणले पुरुषलाई चिन्तित पारेका खण्डमा चिकित्सकको सल्लाहमा उपचार गर्नुपर्दछ । यही सिलसिलामा प्रोष्टेट ग्रन्थिको क्यान्सर भए/नभएको प्रारम्भीक जाँच गर्ने गरिन्छ ।

तरलपदार्थ प्रयोगको समय तथा मात्रामा फरक पारेर धेरै फाइदा उपलब्ध गर्न सकिन्छ । यो रोगमा औषधोपचारको पहिलो र मुख्य उद्देश्य मूत्रथैलीको घाँटी तथा मूत्रनलीको सुरुको भाग खुकुलो पार्ने हुन्छ, दोस्रो उद्देश्य ठूलो प्रोष्टेट बढ्न नदिने तथा सुकाउने हुन्छ । यी दुवैथरीका औषधिले यौन गतिविधिमा केही शिथिलता तथा वीर्यस्खलनमा असर पार्न सक्छन् । औषधोपचारबाट सन्तोषप्रद फाइदा नपाए शल्यक्रियाको सहयोग लिनुपर्दछ ।

ooo

हकदावीको सूचना

नण्डको प्रदेश, बाग्लुङ जिल्ला, बाग्लुङ नगरपालिका, वडा नं. १ बस्ने नगेश्वर उपाध्यायको नाति, खड्गनन्द उपाध्यायको छोरा दुर्गा बहादुर हमाल ठकुरीले हिमालयन बैंकको महाराजगंज शाखामा बचत खाता नं. ००२००६०५१३००१८ खोली कारोबार गर्दै आउनु भएकोमा खाता सञ्चालकको मिति २०७९/०७/१२ मा मृत्यु भएको र इच्छाएको व्यक्ति निजको पत्नी बेद कुमारी हमालबाट सकेको मिति २०७९/०७/१२ मा मृत्यु भएकोले, खातामा रहेको रकम पाउँ भनी सोमित बहादुर हमाल ठकुरीले आवश्यक कागजात संलग्न गरी बैंक समक्ष निवेदन दिनु भएकोले उक्त रकम उपर अन्य कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा चलनचलाउमा खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

HBL Himalayan Bank Ltd.
महाराजगंज शाखा, काठमाडौं, नेपाल

NIC ASIA
एन आई सी सीयिया बैंक लिमिटेड

निक्षेप रकम उपर हकदावी रकमलाई ३५ (पैंतीस) दिने सूचना

लिखितकर श्री रत्न कुमार श्रेष्ठको नाउँमा, कुन्ता बहादुर श्रेष्ठको छोरी, लुम्बिनी प्रदेश सिराहा जिल्ला, सिराहा नगरपालिका वडा नं. ६ बस्ने ७४ वर्षकी श्रीमती जकुना राजभण्डारीको मिति २०४८/०२/३० (ई.सं. १३/०६/२०२१) मा मृत्यु भएपछि रत्न जकुना राजभण्डारीको छोरा हाल सिराहा नगरपालिका वडा नं. ६ बस्ने श्री राजेश राजभण्डारीले मृतकको प्रकाशनकका यस बैंकका सञ्चालनमा रहेको खातामा निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र जरुरी प्रमाण सहित यस बैंकको सिराहा शाखा, सिराहा नगरपालिकामा दावी जनाउनु हो यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा नियम पुर्याएको निवेदन प्राप्त नभएमा कानुन बमोजिम रकम भुक्तानी हुने व्यहोरा सकेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

25

साहित्यकार गोपाल अश्कका कृतिहरू लोकार्पण

हिमालय टाइम्स
काठमाडौं, १८ मंसिर

साहित्यकार गोपाल अश्कका कृतिहरू लोकार्पण गरिएको छ । शुक्रबार थाहा पुस्तकालय, मीनभवन, काठमाडौंमा अश्कका दुई कृतिहरू लोकार्पण गरिएको हो । साहित्यकार अश्कद्वारा लिखित 'नेपालीय भोजपुरी साहित्यको इतिहास' र अर्को कृति अश्कबारे विभिन्न विद्वानद्वारा लेखिएका लेखको सँगालो 'साहित्यकार गोपाल अश्क' प्रमुख अतिथि वरिष्ठ आख्यानकार डा. ध्रुवचन्द्र गौतमले लोकार्पण गर्नुभएको हो ।

नेपाल स्रष्टा समाजद्वारा आयोजित उक्त कार्यक्रममा कृतिहरूबारे समालोचकहरू दिनेश गुप्ता, प्रमोद प्रधान र प्रा.डा.कुमार कोइरालाले समीक्षात्मक मन्तव्य राख्नुभएको थियो भने साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, भाषा आयोगका अध्यक्ष उषा हमाल र नेपाल स्रष्टा समाजका सल्लाहकार पवन आलोकले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमका प्रमुख अतिथि डा.गौतमले गोपाल अश्क बहुमुखी प्रतिभाशाली भएको कुरामा जोड दिनुभयो । कवि मधु पाठकको उद्घोषणमा सञ्चालित कार्यक्रममा अध्यक्षता नेपाल स्रष्टा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ 'रोदन'ले गर्नुभएको थियो भने स्वागत मन्तव्य समाजका महासचिव देविका तिमिल्सिनाले राख्नुभएको थियो ।

हेम प्रभासको निर्देशनमा 'नजानी नजानी'

हिमालय टाइम्स
काठमाडौं, १८ मंसिर

हेम प्रभासको निर्देशन रहेको गीत 'नजानी नजानी'को भिडियो सार्वजनिक भएको छ । कवि, गजलकार तथा गीतकार प्रकाश किरणको नयाँ गीत 'नजानी नजानी'को भिडियो ओएसआर डिजिटलमार्फत सार्वजनिक भएको हो ।

गायक प्रवीण बेडवालको स्वर रहेको गीतमा दीप घतानीको संगीत छ । युवा युवतीको प्रेममा आधारित रहेर बनेको गीतको भिडियोमा कमल सिंह र नरमा श्रेष्ठको अभिनय छ । राज पोखरेलले छायांकन गरेको भिडियोमा युवापुस्ताको माया र प्रेम समेटिएको गीतले एक युगल जोडिको प्रेम सम्बन्धलाई देखाइएको छ ।

सार्वजनिक सूचना

यस सी जी ब्रुअरी (नेपाल) प्रा. लि. द्वारा उत्पादित बियरको मूल्य यही मिति २०७९/८/१९ देखि लागू हुने गरी निम्नानुसार कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

विवरण	स्टकिष्ट मूल्य (प्रति कार्टुन)	स्टकिष्ट मार्जिन (प्रति कार्टुन)	डिष्ट्रिब्युटर मूल्य (प्रति कार्टुन)	डिष्ट्रिब्युटर मार्जिन (प्रति कार्टुन)	बोक बिक्रेता मूल्य (प्रति कार्टुन)	बोक बिक्रेता मार्जिन (प्रति कार्टुन)	खुद्रा बिक्रेता मूल्य (प्रति कार्टुन)	खुद्रा बिक्रेता मार्जिन (प्रति कार्टुन)	उपभोक्ता मूल्य (प्रति कार्टुन)	उपभोक्ता मूल्य (प्रति बोतल)
रियल गोल्ड १०००० स्ट्रङ बीयर (२४x३३० मि. लि.)	३,२१२/८२	४०/२५	३,२५८/३०	९०/-	३,३६०/-	७०/-	३,४३९/१०	२८०/९०	३,७२०/-	१५५/-

नोटः १.उपरोक्त बिक्री मूल्यमा स्टकिष्ट मूल्य देखि खुद्रा बिक्रेता मूल्य सम्म मूल्य अभिबृद्धि कर समेत समावेश गरिएको छ ।
२. उपरोक्त मूल्यमा खुद्रा बिक्रेताले चिस्याउने तथा अन्य खर्च थप गरी बिक्री गर्न पाउनेछ।

CG BREWERY